# आयोगबाट मिति २०८१/१२/०६ गते सर्वोच्च अदालतमा पुनरावेदन दर्ता गरिएको मुद्दाको विवरण

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा प्रतिवादीहश्रको हकमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | कमलेस डिसी समेत (वि.अ. को मु.नं. ०७९-CR-००५०), वि.अ. को फैसला मिति २०८०।१०।२५ | परिक्षाको परीणाम फेरबदल गरी भ्रष्टाचार गरेको। | (क) मध्यपश्चिमाञ्चल विश्वविद्यालय मानविकी र सामाजिकशास्त्र संकाय डीनको कार्यालयबाट आंशिक तथा करार उपप्राध्यापकहरुको छनौट गर्ने क्रममा अंग्रेजी विषयको उत्तरपुस्तिका परिक्षण गर्ने अंग्रेजी विषयका विषयविज्ञ एवं मध्यपश्चिमाञ्चल विश्वविद्यालय, सुर्खेतका सहप्राध्यापक डा. विनय कुमार दासले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले निज अंग्रेजी विषयका विज्ञ एवं मध्यपश्चिमाञ्चल विश्वविद्यालय, सुर्खेतका सहप्राध्यापक प्रतिवादी डा. विनय कुमार दासलाई ऐ. ऐनको दफा १३ बमोजिम सजाय हुन मागदावी लिइएको अवस्था देखिन्छ।<br>(ख) परिक्षा समितिका संयोजक एवं मध्यपश्चिमाञ्चल विश्वविद्यालय मानविकी र सामाजिकशास्त्र संकायका सहायक डिन कमलेश | विशेष अदालतले गरेको फैसलाको संक्षिप्त व्यहोरा :-<br>प्रस्तुत मुद्दामा विशेष अदालत काठमाण्डौवाट फैसला हुँदा प्रतिवादीहरु डा. विनय कुमार दास र कमलेश डि.सी लाई आरोपदावीवाट सफाई पाउने ठहर गरी फैसला भएको अवस्था छ ।<br>विशेष अदालत काठमाण्डौबाट प्रतिवादीहरुलाई आरोप दावीवाट सफाई हुने ठहर गरी फैसला भएको र फैसला गर्दा निम्न आधारहरु लिएको देखिन्छ :-<br>क) प्रस्तुत मुद्दामा प्रतिवादीहरु कमलेश डिसी. र विनय कुमार दास उपरको आरोपदाबी पुष्टि हुन सक्ने अवस्था नदेखिएको । | (क) प्रस्तुत मुद्दामा मध्यपश्चिमाञ्चल विश्वविद्यालय मानविकी र सामाजिकशास्त्र संकाय डीनको कार्यालयद्वारा मिति २०७७/१०/१९ र मिति २०७७/११/०५ मा आंशिक तथा करार उपप्राध्यापकहरुको पदपूर्तिका लागि विज्ञापन प्रकाशित भएको, मिति २०७७/१२/४, ५ र ६ मा लिखित परिक्षा र अन्तरवार्ता सञ्चालन गरि मिति २०७७/१२/०६ मा नतिजा प्रकाशन गरेको देखिन्छ। सम्बन्धित विज्ञहरूले गरेको उत्तरपुस्तिकाको परीक्षण हेर्दा अङ्ग्रेजी विषय तर्फ कोड नं. Eng-१८०७७ को उत्तरपुस्तिकामा दिएको अङ्क पटक-पटक केरमेट गरी बढाएको कारण ३७ अङ्क पुगेको जसमा १ नं. प्रश्नको उत्तरमा ३ पटक केरमेट गरी पहिलो पटक ४ अङ्क, दोस्रो पटक ३ अङ्क, तेस्रो पटक स्पष्ट नभएको र चौंथो पटकमा ६ अङ्क दिइएको देखिन्छ । उक्त उत्तरपुस्तिकामा पहिलो पटक दिएको अङ्कलाई कायम राखेको भए प्राप्ताङ्क ३४ मात्र हुने थियो । कोड नं. Eng-१२०७७ को उत्तरपुस्तिकामा समेत पहिले दिएको अङ्कलाई पटक-पटक केरमेट गरी बढाउदै अङ्क संशोधन गर्ने गरेको कारण प्राप्ताङ्क ३५ पुगेको जसमा ३ नं. प्रश्नको उत्तरमा पहिले ३ अङ्क दिएकोमा पछि केरमेट गरी ४ अङ्क बनाइएको, १२ नं. प्रश्नको उत्तरमा पनि ३ अङ्क दिएर काटी ४ अङ्क बनाइएको साथै ५ र ८ नं. प्रश्नको उत्तरमा पनि ३/३ अङ्क दिएर सो अङ्कलाई काटी ४/४ अङ्क बनाइएको देखिन्छ । उक्त उत्तरपुस्तिकामा पहिलो पटक दिएको अङ्कलाई कायम राखेको भए प्राप्ताङ्क ३१ अङ्क मात्र हुने तर केरमेट गरी संशोधन गरेपश्चात् ३५ अङ्क पुऱ्याईएको देखिन्छ । कोड नं. Eng-१५०७७ को उत्तरपुस्तिकामा पहिले दिएको अङ्कलाई केरमेट गरी घटाउदै संशोधन गर्ने गरेको कारण ३३ अङ्क पुगेको देखिन्छ । यसमा ५ नं. प्रश्नको उत्तरमा पहिले ३+१ अङ्क दिएकोमा १ केरमेट गरी ३ अङ्क बनाईएको, ९ नं. प्रश्नको उत्तरमा पहिले ४ अङ्क दिई पछि ३ अङ्क बनाएको देखिन्छ । उक्त उत्तरपुस्तिकामा पहिलो पटक दिएको अङ्कलाई कायम राखेको भए प्राप्ताङ्क ३५ पुगि उत्तीर्ण हुने अवस्था रहेको देखिन्छ । कोड नं. Eng-२०७७, Eng-१२०७७, Eng-१००७७ र Eng-१८०७७ को उत्तरपुस्तिकामा सङ्केत जनिने गरी देब्रेपट्टि माथिल्लो कुनामा उम्मेदवारको सिम्बोल नम्बर लेखी केरमेट |

# आयोगबाट मिति २०८१/१२/०६ गते सर्वोच्च अदालतमा पुनरावेदन दर्ता गरिएको मुद्दाको विवरण

| | | | | | |
|---|---|---|---|---|---|
| | | | डि.सी.ले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ बमोजिमको कसुर गरेको पुष्टि भएको हुँदा निज परिक्षा समितिका संयोजक एवं मध्यपश्चिमाञ्चल विश्वविद्यालय मानविकी र सामाजिकशास्त्र संकायका सहायक डिन प्रतिवादी कमलेश डि.सी. लाई उल्लेखित कसुरमा ऐ. ऐनको दफा १३ बमोजिम सजाय हुन मागदावी लिइएको अवस्था देखिन्छ। | | गरिएको देखिन्छ । उक्त सङ्केत के कुन समयमा लेखिएको हो भन्ने सम्बन्धमा अंग्रेजी विषयका विज्ञले लिखित परीक्षामा सफल चार जना उम्मेदवारकै उत्तरपुस्तिका अन्तरवार्ता सुरु हुनुअगावै माग गरी सबै उत्तरपुस्तिकाको माथिल्लो भागको बायाँ कुनामा सम्बन्धित उम्मेदवारको सिम्बोल नं. लेखी केरमेट गर्ने कार्य विज्ञ डा. विनय कुमार दासले गर्नुभएको भनी शिक्षक छनौट समितिका संयोजक प्रतिवादी कमलेश डि.सी.ले बयानमा लेखाइ दिएकोमा उक्त कुरा निज अंग्रेजी विषयविज्ञ प्रतिवादी विनय कुमार दासले आफ्नो बयानमा सो तथ्यलाई स्वीकार समेत गरेको देखिरहेको अवस्थामा सो तर्फ अन्देखा गरी प्रतिवादीहरलाई आरोपदावीवाट नै सफाई पाउने ठहरी भएको विशेष अदालत काठमाण्डौको फैसला त्रुर्टिपूर्ण रहेको छ।<br>(ख) मध्यपश्चिमाञ्चल विश्वविद्यालय मानविकी र सामाजिकशास्त्र संकाय डीनको कार्यालयबाट आंशिक तथा करार उपप्राध्यापकहरुको छनौट गर्ने क्रममा अंग्रेजी विषयको उत्तरपुस्तिका परिक्षण गर्ने अंग्रेजी विषयका विषयविज्ञ एवं मध्यपश्चिमाञ्चल विश्वविद्यालय, सुर्खेतका सहप्राध्यापक डा. विनय कुमार दासले उत्तरपुस्तिका जाँच गर्ने क्रममा अङ्क प्रदान गर्दा अनुत्तीर्ण हुने प्रकृतिको उम्मेद्वारलाई पटक पटक अङ्क केरमेट गरी बढाई उत्तीर्ण गराएको र उत्तीर्ण हुने प्रकृतिको उम्मेदवारको उत्तरपुस्तिकामा दिएको अङ्कलाई पटक-पटक केरमेट गरी घटाएर अनुत्तीर्ण गरे गराएको देखिएको र अन्तरवार्ताको क्रममा अन्तरवार्ता अगावै सहभागी उम्मेद्वारहरूका उत्तरपुस्तिका माग गरी सम्वन्धित उत्तरपुस्तिकामा सम्बन्धित परीक्षार्थीको Symbol No. राखी संकेत गरी उम्मेदवारको पहिचान गरी प्राप्ताङ्कको आधारमा अन्तरवार्तामा अङ्क प्रदान गर्ने योजना बनाई सोही बमोजिम अङ्क प्रदान गर्न र निजले कोड नं. Eng-१८०७७ को उत्तरपुस्तिकाका विभिन्न प्रश्नहरूमा पहिले दिएको अङ्क बढाइ ३७ अङ्क दिई योग्यता सूचीमा माथि पुर्याएको र कोड नं. Eng-१५०७७ को उत्तरपुस्तिकामा पहिले दिएको अङ्क केरमेट गरी घटाइ अनुत्तीर्ण (उत्तीर्णलाई अनुत्तीर्ण र अनुत्तीर्णलाई उत्तीर्ण) गराउन बदनियतपूर्वक कार्य गरेको र उत्तीर्ण हुन सक्नेलाई वैकल्पिक उम्मेदवार बनाई परीक्षाको परिणामलाई फेरबदल गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ बमोजिमको कसुर गरेको पुष्टि भईरहेकोमा सो तर्फ अन्देखा गरी प्रतिवादीलाई आरोपदावीवाट नै |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | सफाई पाउने ठहरी भएको विशेष अदालत काठमाण्डौको फैसला त्रुटिपूर्ण रहेको छ।<br>(ग) परिक्षा समितिका संयोजक एवं मध्यपश्चिमाञ्चल विश्वविद्यालय मानविकी र सामाजिकशास्त्र संकायका सहायक डिन कमलेश डि.सी.ले अंग्रेजी विषयको Scrutiny Board को तर्फबाट उत्तरपुस्तिका संपरीक्षणको जिम्मेवारी प्राप्त भएकोमा विज्ञबाट पटक-पटक दिएको अङ्क केरमेट गरी संशोधन गरिएकोमा समेत अनदेखा गरी स्वीकार गरेको, अन्तरवार्तामा छनौट समितिको संयोजकको रूपमा सहभागी हुँदा विज्ञले अन्तरवार्ताको क्रममा परिक्षण भैसकेको उत्तरपुस्तिका माग गर्दा उपलब्ध गराएको, उम्मेदवार पहिचानका लागि परिक्षण भएका उत्तरपुस्तिकामा परिक्षार्थीको Symbol No. लेखी केरमेट गर्न सहमति जनाएको एवं अंग्रजी विषयको Scrutiny Board को संयोजक भएपनि विज्ञबाट परिक्षण भएको उत्तरपुस्तिका संपरिक्षण गर्दा विज्ञबाट वदनियतसाथ भएको अङ्क थपघट गरेको गैर कानुनी कार्यलाई समर्थन जनाई विश्वविद्यालय जस्तो प्राज्ञिक संस्थामा उक्त संस्थाको गरिमा र गुणलाई समेत आँच आउने कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ बमोजिमको कसुर गरेको पुष्टि भएको हुँदा निज परिक्षा समितिका संयोजक एवं मध्यपश्चिमाञ्चल विश्वविद्यालय मानविकी र सामाजिकशास्त्र संकायका सहायक डिन प्रतिवादी कमलेश डि.सी. लाई आरोपदावीवाट नै सफाई दिने गरी भएको विशेष अदालत काठमाण्डौको फैसला त्रुटिपूर्ण रहेको छ।<br>(घ) भ्रष्टाचारजन्य कार्य हुनका लागि आर्थिक लाभ वा हानि मात्र पर्याप्त आधार होइन । अवाञ्छित किसिमको दोषपूर्ण गतिविधि पनि भ्रष्टाचारजन्य कसुरको अर्को महत्त्वपूर्ण आधार हो । प्रतिवादीको गैरकानूनी र अवाञ्छित किसिमको दोषपूर्ण गतिविधिबाट कसैको हानि हुने र कसैले लाभ पाउने अवस्था हुन्छ भने सो कार्य पनि भ्रष्टाचारजन्य कसुरको दायराभित्र पर्ने नै हुन्छ । साथै प्रतिवादीले त्यस किसिमको गैरकानूनी र अवाञ्छित किसिमको गतिविधि केवल आर्थिक लाभ हानि पुऱ्याउने मनसायका साथ गरेको थिएन भन्ने आधारमा मात्र उक्त दोषपूर्ण कार्यबाट निजले उन्मुक्ति पाउने अवस्था नरहने भनी सर्वोच्च अदालतबाट (मथुरा ढकाल समेत बिरुद्ध नेपाल सरकार नि.नं. १०१४२) सिद्धान्त प्रतिपादित भएको देखिन्छ।<br>अत :प्रस्तुत मुद्दामा उल्लिखित आधार कारण र प्रमाणहरुबाट प्रतिवादीहरु |

# आयोगबाट मिति २०८१/१२/०६ गते सर्वोच्च अदालतमा पुनरावेदन दर्ता गरिएको मुद्दाको विवरण

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | कमलेश डिसी र. डा. विनय कुमार दासलाई आरोपदावीवाट नै सफाई दिने गरी भएको प्रस्तुत फैसला त्रुटिपुर्ण देखिएकोले निज प्रतिवादीद्धय कमलेश डिसी र. डा. विनय कुमार दासको हकमा आरोपपत्र मागदाबी बमोजिम सजाय नगरी आरोपदावीवाट नै सफाई दिने गरी भएको प्रस्तुत फैसला त्रुटिपुर्ण देखिएकोले निज प्रतिवादीहरु उपर आरोपपत्र मागदाबी बमोजिम सजाय हुन। |